आज मिति २०७५/०३/०७ गतेका दिन बुटवल [illegible] नगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक वसियो ।

समय : बिहान ९:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | ,, | |
| ५ | लाल प्रसाद वस्याल | ,, | |
| ६ | टंक प्रसाद पराजुली | ,, | |
| ७ | तेज बहादुर सुनार | ,, | |
| ८ | जगदिश चन्द्र आचार्य | ,, | |
| ९ | कमल प्रताप थापा | ,, | |
| १० | भिम बहादुर श्रेष्ठ | ,, | |
| ११ | बिष्णु बहादुर थापा | ,, | |
| १२ | पदम बहादुर थापा | ,, | |
| १३ | रामचन्द्र क्षेत्री | ,, | |
| १४ | दुर्गा प्रसाद सुवेदी | ,, | |
| १५ | नारायण प्रसाद पुन | ,, | |
| १६ | दधिराम न्यौपाने | ,, | |
| १७ | डम्मर बहादुर भण्डारी | ,, | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | „ | |
| १९ | सन्त बहादुर राना | „ | |
| २० | हुमनाथ आचार्य | „ | |
| २१ | हिम बहादुर खत्री | „ | |
| २२ | डिल प्रसाद नेपाली | „ | |
| २३ | रन्जित शेरचन | „ | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | „ | |
| २५ | बिमला श्रेष्ठ | „ | |
| २६ | सिता कुमारी थापा | „ | |
| २७ | शुष्मा कुमारी अर्याल | „ | |
| २८ | बिष्णु कुमारी शर्मा | „ | |
| २९ | राजनकुमार बि.सी. | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

प्रस्ताव नं. २५.१
आर्थिक विधेयक, २०७५ सम्बन्धमा ।
निर्णय नं. २५.१

मिति २०७५/३/६ गतेका दिन छलफल गर्दा समय अभाव भई बाँकी रहेका खर्च शीर्षकहरुमा आजको बैठकमा दफावार छलफल गरियो ।आजको छलफलमा कार्यपालिकाका सदस्यज्यूहरुबाट उठाइएका बिषय वस्तुहरुलाई समावेश गरी परिमार्जन सहितको आर्थिक विधेयक २०७५, नगर सभा बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं. २५.२**
**विविध**
**प्रस्ताव नं. २५.२.१**
**नीति तथा कार्यक्रम सम्बन्धमा ।**
**निर्णय नं. २५.२.१**

आगामी आ.व.०७५/०७६ को नीति तथा कर्याक्रम माथिको छलफलका लागि मिति २०७५।०३।०८ गते दिनको १:०० वजे नगर सभाको बैठक वस्ने कार्यसूची वमोजिम मिति २०७५।०३।०६ मा वसेको कार्यपालिका बैठकमा प्रस्तावित मस्यौदा नीति तथा कार्यक्रम माथि छलफल भएको र उठेका बिषयवस्तुहरुलाई समेत थप गरी नीति तथा कार्यक्रमको तयारीका लागि समिति गठन भएकोमा समितिबाट प्रस्तुत हुन आएको नीति तथा कार्यक्रम माथि आजको बैठकमा पुनः छलफल गरियो । उक्त नीति तथा कार्यक्रम छलफलका लागि मिति २०७५।०३।०८ गते वस्ने नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २५.२.२**
**शीर्षकान्तर एवं रकमान्तर सम्बन्धमा ।**
**निर्णय नं. २५.२.२**

यस बुटवल उप–महानगरपालिकाको चालु आ.व. ०७४/०७५ का लागि स्वीकृत वार्षिक वजेट नीति तथा कार्यक्रम अन्तरगत लेखा कोड नं. ८१०१०९१२ मा सामुदायिक अस्पताल संचालन व्यवस्थापनका लागि सहकार्य कोष स्थापन भनि रु.१० लाख विनियोजन भएको भए तापनि बुटवल उप–महानगरपालिका क्षेत्रमा संचालित एक मात्र सामुदायिक अस्पताल गौतमबुद्ध सामुदायिक मुटु अस्पतालबाट माग भए बमोजिम भेन्टिलेटर खरिद गर्न अनुदानको रुपमा रु.१० लाख शीर्षकान्तर गरी उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.२.३**
**सम्मान सम्बन्धमा ।**
**निर्णय नं. २५.२.३**

नेपालमा विभिन्न समयमा भएका लोकतान्त्रिक जन आन्दोलनहरुमा निरन्तर र सक्रियतापूर्वक सहभागी भई अतुलनिय योगदान पुऱ्याउनु भएका देहायका व्यक्तिहरुलाई देहाय बमोजिम सम्मान गर्ने निर्णय गरियो ।

१. श्री टिकाराम घिमिरे – वडा नं. ८, रु.५१०००।– र सम्मान पत्र ।
२. श्री राम प्रसाद न्यौपाने – वडा नं. २, रु.५१०००।– र सम्मान पत्र ।
३. श्री राधा घिमिरे पौडेल– वडा नं. ११, रु.५१०००।– र सम्मान पत्र ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिदै प्रमुखज्यूबाट बैठक समापन भएको जानकारी भयो ।**